नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २७८ २०७९ साल जेठ ३१ गते मंगलबार (14 June 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पाँच लाख परिवारहरूलाई ... ३ पृष्ठमा : श्रमिकलाई केन्द्रमा राखेर ... ३ पृष्ठमा पाकिस्तानका पूर्व प्रधानमन्त्रीद्वारा वर्तमान

# सप्तरीमा महिलामाथी घरेलु हिंसा र घर निकालाका घट्ना तिब्र



राजविराज ३ कि आरती दास



अग्नीसाईर कृष्णासवरण ६ कि सिमा कर्ण



राजविराज १ कि सरस्वती दास



राजविराज ५ कि ब्युटि झा



रुपनी गाउँपालिका ५ कि लक्ष्मी भगत

**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

सप्तरी जिल्लामा महिलामाथी घरेलु हिंसा र घर निकालाका घट्ना तिब्र भएको छ । विगत तीन महिनाको अवधीमा ५ महिलामाथी घरेलुहिंसा र घर निकालाका घट्ना भएका छन् ।

अन्यायमा परेका उनीहरुलाई अदालतको संरक्षानात्मक आदेश पश्चात् उनीहरुलाई घरमा प्रवेश गराइएको छ ।

पछिल्लो पटक सोमवार राजविराज नगरपालिका ३ कि २३ वर्षिया आरती दासलाई अदालतको आदेशबाट गृह प्रवेश गराइएको छ । उक्त वडाका नवीन दासकी पत्नी आरतीलाई जनप्रतिनीधी, कानुन व्यवसायी, संचारकर्मी, अधिकारकर्मी, प्रहरी र स्थानीयको उपस्थितीबीच घर भित्र्याइएको हो ।

घर प्रवेशका लागी टोली आउन लागेको थाहा पाएपछि आरतीका पती, सासु, ससुरा, नन्द लगायतका परिवारका सदस्यहरुले घरको मुल गेटमा भित्र पट्टीबाट ताला लगाएर बसेका थिए ।

टोलीमा रहेका कानुन व्यवसायी, प्रहरी, जनप्रतिनीधी, अधिकारकर्मी, संचारकर्मी सहितले पटक पटक आग्रह गर्दा पनि ढोका नखोलेपछि बाहिरबाट सिढी लगाएर आरतीलाई घरको कम्पाउण्ड भित्र छिराइएको थियो । त्यस पछि आरतीले ढोकाको ताल्चा फुटाएकी थिइन ।

धनुषाको जनकपुर उपमहानगरपालिका माईत रहेकी आरतीको डेढ वर्ष अघि नवीनसँग विवाह भएको थियो । केही दिन पछि दाईजोको विषयलाई लिएर परिवारका सदस्यसँग परेको खटपटका कारण आफुलाई घर निकाला गरिएको पीडित महिला आरतीको भनाइ छ ।

न्यायका लागी सप्तरी जिल्ला अदालतमा घरेलु हिंसाको मुद्दा दर्ता गर्न पुगेकी दासलाई अधिवक्ता किरण कुमारी साहले निशु:ल्क कानुनी सहायता उपलब्ध गराइएकी थिइन ।

उक्त मुद्दा उपर सुनवाई गर्दै सोमवार न्यायधिश ऋशिराम आर्चायको इजलाशले मुद्दाको अन्तिम निर्णय नभएसम्म अन्तरिम संरक्षनात्मक आदेश जारी गरेपछि उनलाई घर प्रवेश गराइएको प्रहरीले जनाएको छ ।

अदालतको आदेशमा आरतीलाई निज बसि आएको घरमा वसोवास गर्न दिनु तथा कुटपिट र गाली बेईजत नगर्नू उल्लेख छ । आरतीले दाईजोका लागी पटक पटक पतीका साथै सासु राजकुमारी, ससुरा घनश्याम, नन्द शोभा, आशा र नीतुले मानसिक तथा शारिरीक यातना दिने गरेको सुनाईन ।

पछिल्लो पटक त गर्भवती रहेकै अवस्थामा कुटपिट गर्दै घर निकाला नै गरिदिए पछि अन्तिम स्थितीमा अदालतमा पुगेको उनको भनाई छ । उनले कुटपिट कै कारण आफ्नो ६ महिनाको गर्भ समेत तुहिएको बताएकि छिन ।

यता अदालतले दिएको संरक्षनात्मक आदेश पछि तीन महिना भित्र जिल्लामा ५ जना पीडित महिलालाई यसरी घर भित्र्याइएको अधिवक्ता किरण साहले बताईन ।

यस अघि परिवारजनबाट दाइजो लगायत विभिन्न वहानामा कुटपिट गरी घर निकाला गरिएकी राजविराज ५ कि २० वर्षिया ब्युटि झा, राजविराज नगरपालिका १ कि २१ वर्षिया सरस्वती दास, रुपनी गाउँपालिका ५ कि २४ वर्षिया लक्ष्मी भगत तथा अग्नीसाईर कृष्णासवरण गाउँपालिका ६ कि २५ वर्षिया सिमा कर्णलाई अदालत कै आदेशमा घर भित्र्याई सकिएको छ ।

# मिटरब्याजी साह परिवारलाई पक्राउ गरि कारवाहीको माँग गर्दै राजविराजमा प्रर्दशन

**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

मिटरब्याजी रामदेव साह परिवारबाट पीडित भएकाहरुले सोमवार राजविराजमा प्रर्दशन गर्नुका साथै पक्राउ गरि कडा कारवाहीको माग गरेका छन् ।

स्थानीय शिव मन्दिर प्राङ्गणमा भेला भई पीडितहरुले प्रर्दशन गर्दै मिटरव्याजी रामदेव साह तेलीसहित परिवारका अन्य सदस्यहरुलाई अविलम्ब पक्राउ गरी कडा कारवाहीको माग गरेका हुन् ।

ऋण तिरीसकेको जग्गा फिर्ता गर, विपन्न परिवारलाई विस्थापित गराउने मिटरव्याजी रामदेव साहलाई पक्राउ गर लगायतका नारा अंकित प्लेकार्ड बोकेर बजार क्षेत्रमा प्रर्दशन गरेका थिए ।




प्रदर्शन पश्चात आयोजित विरोध सभामा बोल्दै पीडितहरुले तमसुक बनाएर लाखौं रुपैया दिने र करोडको कागजात बनाई असुल गर्ने साह परिवार माथी कडा कारवाही हुनु पर्ने माग गरेका छन् ।

पीडित महिला खडक नगरपालिका ६ कि राधा पासवानले आपत परेका वेला १ लाख ऋण लिए वापतको ४ लाख ब्याज बुझाई सक्दा पनि बन्धकी जग्गा फिर्ता नगरेको गुनासो गरिन् ।

यस्तै बोदेबरसाइन नगरपालिकाका मो.तयैब अलिले उपचारका लागी मिटरव्याजी साहसँग लिएको रकमको चौब्बर ब्याज र साँवा समेत बुझाई सक्दा पनि बन्धकी जग्गा फिर्ता नगरेको गुनासो पोखे ।

विपन्न नागरिकलाई लाखौ ऋण दिएर करोडौ असुल गरेको आरोप लागेका मुख्य आरोपी रामदेव साह तेली अझै पक्राउ पर्न नसकेपनि उनको परिवारका अन्य सदस्य धमाधम पक्राउ पर्न थालेका छन् । साहका छोरा नन्द किशोरलाई पक्राउ गरी अनुसन्धान थालेको प्रहरीले चार दिनपछि छोरी अनुराधालाई पनि पक्राउ गरेको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको सहयोगमा गौशालाबाट पक्राउ गरी राजविराज ल्याइएको हो । सोमवार सप्तरी जिल्ला अदालतमा अनुराधालाई उपस्थित गराउँदा अनुसन्धानका लागी तीन दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरिक्षक राजु अधिकारीले ठगी तथा अपराधी विश्वासघात मुद्दामा अदालतमा उपस्थित गराइए पछि अनुराधालाई हिरासतमा राखी अनुसन्धानका लागी तीन दिनको म्याद उपलब्ध गराइएको बताए ।

विपन्न परिवारलाई किर्ते तमसुक बनाएर लाखौ रकम दिने र त्यसवापत करोडौं असुल्ने गरेको साह परिवार विरुद्ध हाल ९ जना पीडितहरुको उजुरी आएपछि पक्राउ गर्नेक्रम तिब्र बनाइएको उनको भनाई छ ।

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर बजार घर भएका साह परिवारमाथी लिएको ऋण भन्दा ६ गुणा भन्दा बढी रकम असुल गरेको आरोप छ । पीडितहरुले विभिन्न मितीमा १ करोड १७ लाख ४२ हजार २ सय ५६ रुपैया ऋण लिएर सो रकमको ब्याज ६ गुणा भन्दा बढी र सावाँ समेत चुक्ता गरिसके पनी जग्गा फिर्ता नगरेको भन्दै पुरै परिवार माथी जाहेरी दिएको प्रहरीको भनाई छ ।

साहुकार रामदेव संगै उनकी पत्नी शिव, अर्का छोरी रेणु, नाती चन्दन र कैलाश विरुद्ध पनि जाहेरी दर्ता भएको र उनीहरुको खोजतलास जारी रहेको प्रहरीले जनाएको छ । साह परिवारले गाउँघरका सोझा साझा र विपन्न नागरिकलाई आपत विपत परेका वेला ऋण दिएर दिएको रकम भन्दा दोब्बर तेब्बरको कागजात गराउने गरेको पीडितहरुले बताएका छन् ।

# पाँच लाख परिवारहरूलाई जग्गाधनी पुर्जा वितरण गरिने

**सञ्चिता घिमिर**
काठमाडौँ, ३० जेठ (रासस)।

सरकारले आगामी वर्ष ३०० स्थानीय तहका पाँच लाख भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासी परिवारहरूलाई जग्गाधनी पुर्जा वितरण गर्ने लक्ष्य लिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले झन्डै १४ लाख भूमिहीन रहेकामा आगामी दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य लिएको छ। पुर्जा वितरण गर्नका लागि अनिवार्य रूपमा गर्नुपर्ने पूर्वतयारी कार्य बाँकी रहेकाले त्यो अघि बढाइएको भूमि व्यवस्थामन्त्री शशि श्रेष्ठले बताउनुभयो। भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्याको दीर्घकालीन समाधानका लागि गठन भएको राष्ट्रिय भूमि आयोग र जिल्ला समितिहरू गठन भएर काम सुरु भएको उहाँले बताउनुभयो।

विगतमा पुर्जा वितरण गर्नका लागि अनिवार्य रूपमा गर्नुपर्ने पूर्वतयारीका काम काम जस्तै नापजाँच गर्ने, नक्सा तयार गर्ने, क्षेत्रफल गणना गर्ने, जग्गा दर्ता गर्ने र पुर्जा तयार गर्नेलगायत कुनै पनि काम सुरु नभएको मन्त्री श्रेष्ठले बताउनुभयो। बेलका, कन्काई, बेदकोट, सिन्धुली, वाग्मती बर्दिवासलगायत झन्डै एक दर्जन स्थानीय तहले आयोग गठन पूर्व नै आफ्नै प्रयासमा नापजाँच गरेको थियो। भूमिसम्बन्धी समस्या समाधान आयोगले झन्डै आठ हजार ३५४ बिघा नापजाँच गरेको थियो। तीन सय ४२ स्थानीय तहसँग भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने सन्दर्भमा समझदारीपत्र तयार गरिएको मन्त्री श्रेष्ठले बताउनुभयो।

सरकारले सबभन्दा पिँधमा रहेका नागरिकको संविधान प्रदत्त हक अधिकार व्यवहारमा नै कार्यान्वयन गर्न लागिपरेको मन्त्री श्रेष्ठले बताउनुभयो। गाउँ ब्लक, छुट नापी, विशेष नापी, पुनः नापीलगायततर्फ करिब २६ हजार हेक्टर जग्गा नापजाँच भएको मन्त्री श्रेष्ठले बताउनुभयो। आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि आफ्नो स्वामित्वमा जग्गा रहेका तर लालपुर्जा नहुँदा सम्पत्तिको अधिकारबाट समेत वञ्चित भएका गाउँ ब्लकका २४ हजारलाई जग्गाधनी पुर्जा वितरण गरिएको उहाँले बताउनुभयो। आगामी आर्थिक वर्षभित्र गाउँ ब्लक जग्गाको नाप नक्साङ्कन सम्पन्न गरी जग्गाधनी पुर्जा वितरण गर्ने र बेनिस्सा स्वबासी, छुट नाप नक्साङ्कन, पुनः नापी र विशेष नापी चालु हुने उहाँले बताउनुभयो।

विसं २०४५ मा तत्कालीन राष्ट्रिय पञ्चायत अधिवेशनबाट गाउँ ब्लक क्षेत्रको नापनक्सा सञ्चालन गर्न निर्देशन भएपछि आव २०४५/४६ मा बाँके, सर्लाही र मोरङबाट पहिलो पटक गाउँ ब्लक क्षेत्रको नापी सुरु गरिएको थियो। गाउँ ब्लक क्षेत्रको नापनक्सा सुरु भएर ३३ वर्षमा झन्डै एक लाख सात हजार पुर्जा वितरण गरेको देखिन्छ। चालु आवमा झन्डै १४ हजार ५०० पुर्जा वितरण गरी सकिएको र आगामी आवमा निरन्तरता दिइने उहाँले बताउनुभयो।

भूउपयोग ऐन २०७६ मा नै लागू भए पनि यसको प्रभावकारी कार्यान्वयनको लागि भूउपयोग नियमावली भर्खरै पास भएको मन्त्री श्रेष्ठले बताउनुभयो। नेपाल सरकारको नीति तथा कार्यक्रममा आवश्यक गृहकार्य गरी निर्देशिका, कार्यविधिहरू तयार गरिने र यस विषयलाई तत्काल कार्यान्वयनमा ल्याउने उहाँले बताउनुभयो। सरकारले भूमिको समुचित उपयोग, वैज्ञानिक वर्गीकरण र दिगो भूमि व्यवस्थापनका लागि ७५३ वटै स्थानीय तहको भूउपयोग नक्सा तथा तथ्याङ्क तयार गरी स्थानीय तहहरूलाई हस्तान्तरण गरेको उहाँले बताउनुभयो।

विगतमा पुनः स्थापना हुन बाँकी रहेका मुक्त कमैया, हलिया, कमलरी र हरवाचरवाको जीविकोपार्जनसम्बन्धी विषयमा पनि मन्त्रालयले काम अघि बढाएको मन्त्री श्रेष्ठले बताउनुभयो। सो विषयमा संविधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा छ सदस्यीय अध्ययन कार्यदल गठन गरिएको थियो। उनीहरूका लागि आगामी आवमा उत्पादन र रोजगार लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहमार्फत सीप विकास तालिम सञ्चालन गर्ने योजना बनाइएको उहाँले जानकारी दिनुभयो।

विगतमा सुरु भएको जग्गा नापजाँच र जग्गा प्रशासनसम्बन्धी सेवाहरू डिजिटल प्रविधिबाट गर्ने, सेवाग्राहीले घरबाटै आफ्नो जग्गाको नक्सा प्रिन्ट लिन सक्ने सुविधा विस्तार गरिने मन्त्री श्रेष्ठले बताउनुभयो। नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकअन्तर्गत समानताको हक र महिलाको हकमा पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना महिला र पुरुषको समान अधिकार रहने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सबै मालपोत कार्यालयहरुलाई निर्देशन गरिएको मन्त्री श्रेष्ठले बताउनुभयो। सरकारले अपनाएको रणनीतिका कारण हाल आफ्नै नाममा घर जग्गाको स्वामित्व भएका महिला जग्गाधनीहरूको सङ्ख्या झन्डै ५१ लाख पुगेको छ।

मन्त्री श्रेष्ठले काठमाडौँ उपत्यका र उपत्यका बाहिरका सबै सरोकारवालाहरूसँग छलफल एवं अन्तरक्रिया गरी समस्या समाधानका लागि आवश्यक गृहकार्य गरेको र छिट्टै सदनसमक्ष पेस गर्ने तयारी भएको बताउनुभयो। विद्यमान भूमिसम्बन्धी ऐनअनुसार उद्योगधन्दा, कलकारखानाहरूलाई तोकिएको दहबन्दीमा छुट दिने प्रावधान रहेको मन्त्री श्रेष्ठले बताउनुभयो।

कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत काली नदी पूर्वका भूभाग नेपालको सार्वभौम भूमि रहेको विषय एक मतले पारित भइसकेकाले शङ्का गर्न आवश्यक नभएको उहाँले बताउनुभयो। नेपालको आधिकारिक क्षेत्रफलका बारेमा मन्त्रालयले आवश्यक गृहकार्य गरेको र यस विषयमा आवश्यक प्रक्रिया पूरा गरी क्षेत्रफल घोषणा गर्ने उहाँले बताउनुभयो।

सहकारी क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि गत जेठ १२ गते सहकारी सङ्घसंस्थाहरूको आन्तरिक सुशासन प्रवर्द्धनका लागि निर्देशन जारी गरिएको मन्त्री श्रेष्ठले बताउनुभयो। सहकारी संस्थाहरूको एकीकृत सूचना, सुशासन प्रवर्द्धन र प्रभावकारी नियमनमा सूचना प्रविधिको प्रयोगलाई जोड दिइएको उहाँले बताउनुभयो।

गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमअन्तर्गत २६ जिल्लाका गरिब परिवार पहिचान गरी, परिचयपत्र तयार भएको र वितरणका लागि पठाइएको मन्त्री श्रेष्ठले बताउनुभयो। थप २३ जिल्लाको गरिब घरपरिवारको प्रारम्भिक सूची तयार भई गुनासो सुनुवाइ सम्पन्न भइसकेको र थप १५ जिल्लाको तथ्याङ्क सङ्कलन भएर प्रशोधन भइरहेको उहाँले बताउनुभयो।

# ‘किसानले भोगेको समस्या बुझिदेउ सरकार’

काठमाडौँ, ३० जेठ (रासस)।

प्रतिनिधिसभा सदस्य सञ्जयकुमार गौतमले बीउ, मल, पेट्रोलियम उत्पादनको मूल्य वृद्धि तथा किसानले भोग्नुपरेको समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा उहाँले जुन सरकारको समयमा पनि अत्यावश्यक सामग्रीको अभाव र चर्को मूल्यवृद्धि हुने गरेकाले यस्तो विषयमा आएको सार्वजनिक महत्वको प्रस्तावमा सबै दल एक ठाउँमा उभिनुपर्ने बताउनुभयो। गौतमले किसानले भोगेको समस्या बुझिदिन सरकारसँग आग्रहसमेत गर्नुभयो।

यस्तै सदस्य गोमा देवकोटाले किसानले मल नपाएको, विद्यार्थीले पुस्तक नपाएकाले उनीहरुलाई मल बीउ तथा पुस्तक उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ।

अर्का सदस्य पार्वतीकुमारी विशङ्खेले किसानलक्षित प्रस्ताव, संविधानमा नागरिकको खाद्य सुरक्षाको अधिकारको व्यवस्था गरिए पनि कृषकमैत्री कार्यक्रम सरकारले ल्याउन नसकेको बताउनुभयो।

अर्का सदस्य लक्ष्मीकुमारी चौधरी कृषि प्रधान देशमा किसानले मल, बीउ, बिजन प्राप्त गर्न नसक्नु उनीहरुको अपमान भएको बताउँदै सरकारले बाँझो जमिन राख्न नपाइने नियम बनाएको भए पनि खेती गर्न मलको अभाव हुनु द्वन्द्वात्मक विषय भएको बताउनुभयो।

अर्का सदस्य मोहनकुमार पाण्डे भन्सार शुल्क शून्य बनाएर पनि जनताले आफै मल आयात गर्न दिनुपर्ने विचार व्यक्त गर्दै उनीहरुलाई मल उपलब्ध गराउन हरसम्भव उपाय अवलम्बन गर्नुपर्ने बताउनुभयो। उहाँले विगतमा मल कारखाना स्थापना गर्न, मल आयात गर्न पूर्व कृषिमन्त्रीले किन नगरेको अहिले बताउनुपर्ने विचार व्यक्त गर्नुभयो।

अर्का सदस्य तुलसी थापा यो वर्षको खेती गर्न आवश्यक मल भण्डारण गर्न गोदामसमेत नरहेको अवस्थामा सरकार संवेदनशील हुनुपर्ने बताउँदै आत्मनिर्भर बन्न के कसो गर्नुपर्छ त्यसको निमित्त सोच बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

अर्का सदस्य प्रेम सुवाल मल आपूर्ति हुन नसकेको विषयमा गठबन्धनका शीर्ष नेतालाई जवाफ दिन लगाउनुपर्ने बताउँदै मल आयातमा अर्बौं रुपैयाँ कमिसन प्राप्त हुने हुँदा मल कारखाना स्थापनाका लागि चार दशकदेखि कुरा उठे पनि अगाडि बढ्न नसकेको विचार व्यक्त गर्नुभयो।

अन्य सदस्यहरु निरुदेवी पाल, नारदमुनि चौधरी र कलिना खातुनले मल अभावले अहिले आतङ्कित रहेकाले राजनीतिभन्दा माथि उठेर यसलाई समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

# मेघ गर्जन, चटयाङसहित वर्षाको सम्भावना

काठमाडौँ, ३० जेठ (रासस)।

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघ गर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

देशको प्रदेश नं एक, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशमा मनसुनी वायुको सामान्य प्रभाव र अन्य प्रदेशका भू-भागमा स्थानीय वायुको तथा भारतको उत्तर प्रदेश र विहारमा रहेको पूर्व-पश्चिमी न्यून चापीय रेखाको प्रभाव रहेको जल तथा मौसम विज्ञानले जनाएको छ।

विभागका अनुसार सो प्रणालीको प्रभावले प्रदेश नं १, बागमती र गण्डकी प्रदेशमा सामान्य बदली तथा बाँकी भू-भागमा सामान्यदेखि आंशिक बदली रही प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा मधेस प्रदेश र कर्णाली प्रदेश लगायत लुम्बिनी प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा मेघ गर्जन/चटयाङसहित हल्कादेखि

*बाँकी तीन पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# श्रमिकलाई केन्द्रमा राखेर वैदेशिक रोजगार नीति परिमार्जन गर्न सुझाव

काठमाडौँ, ३० जेठ (रासस)।

औपचारिक रुपमा नेपाली श्रमिक विदेशीन थालेको डेढ दशकपछि मात्र सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन वैदेशिक रोजगार नीति, २०६८ जारी गर्‍यो। अन्तर्राष्ट्रिय श्रम बजारमा आएको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक पाँच/पाँच वर्षमा नीति पुनरावलोकन गर्ने उल्लेख छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व गरेका प्रत्येक मन्त्रीले नीति पुनरावलोकनलाई प्राथमिकता दिइएको उल्लेख गर्दै आएपनि अहिलेसम्म पुनरावलोकनले मूर्तरुप लिन सकेको छैन। वर्तमान सरकारले भने वैदेशिक रोजगार नीतिलाई पुनरावलोकनको तयारी गरिरहेको छ।

सरोरकावालाले वैदेशिक रोजगारमार्फत गरिबी निवारण तथा राष्ट्रको दीगो आर्थिक र सामाजिक विकासमा अधिकतम योगदान पुर्‍याउने लक्ष्य लिएको नीति पुनरावलोकन गर्दा श्रमिकलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिएका छन्। मानव अधिकारका लागि जनमञ्चले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा सरोकारवालाले वैदेशिक रोजगारका आयममा आएका परिवर्तनलाई आत्मसात गर्दै नीति पुनरावालोकन हुनुपर्ने बताउनुभयो। गन्तव्य मुलुक र स्रोत मुलुकको आवश्यकताका परिपूर्तिका रुपमा वैदेशिक रोजगारी रहेको उल्लेख गर्दै उहाँहरुले वैदेशिक रोजगारीलाई कामयवी बनाउन नीतिमा स्पष्ट व्यवस्था हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा 'वैदेशिक रोजगार नीतिको पुनरावलोकनको आवश्यकता र नागरिक समाजको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता सोम लुईंटेलले वैदेशिक रोजगारको बहुआयामिक पक्षलाई ध्यान दिएर नीति पुनरावलोकन गरिनुपर्ने बताउनुभयो। "श्रमिकलाई केन्द्रमा राखेर नीति पुनरावलोकन गर्नुपर्छ", उहाँले भन्नुभयो। संयुक्त राष्ट्रसङ्घले आप्रवासी श्रमिकको अधिकारलाई मानव अधिकारका रुपमा हेरेको उल्लेख गर्दै उहाँले नीतिमा कामदारको अधिकारलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) का अध्यक्ष हरिबहादुर थापाले नीति परिमार्जन गर्न सरकारलाई दबाब दिनुपर्ने बताउनुभयो। "श्रमिकको सामाजिक सुरक्षा, विपदको समयमा श्रमिकको उद्धारलगायतको व्यवस्था नीतिमै हुनुपर्छ", उहाँले भन्नुभयो, "श्रमिकलाई मतदानको अधिकार, नेपालभित्र पनि कार्यक्षेत्रबाटै मतदान गर्ने व्यवस्था नीतिमा समेटिनुपर्छ।"

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का पूर्वसचिवालय सदस्य नरनाथ लुईंटेलले वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी रोक्ने व्यवस्था नीतिमा हुनुपर्ने बताउनुभयो। रिटर्नी फेरेडेशन नेपालका प्रवक्ता जेपी सापकोटाले आप्रवासी श्रमिकलाई सामाजिक सुरक्षामा जोड्नुपर्ने र श्रमिकको पुन:एकीकलाई प्रभावकारी बनाउने विषय नीतिमै व्यवस्था गर्नुपर्ने बताउनुभयो।

आप्रवासी घरेलु कामदारको क्षेत्रमा काम गर्दै आएको संस्था अमकाश नेपालका अध्यक्ष विजया राई श्रेष्ठले लैङ्गिक मैत्री नीति बनाउनुपर्ने र आलेखबद्ध कामदारलाई नीतिले समेट्नुपर्ने बताउनुभयो। वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले सीपयुक्त जनशक्तिमात्र वैदेशिक रोजगारीमा पठाउने नीति अवलम्बन गरिनुपर्ने बताउनुभयो।

आप्रवासन अध्येता सोम लामिछाने श्रम आप्रवासन र वैदेशिक रोजगारीका विषयमा प्रष्ट भएर नीति पुनरावलोकन गरिनुपर्ने बताउनुभयो। रोजगारीका क्रममा भारतमा रहेका श्रमिकलाई पनि नीतिले सम्बोधन गर्नुपर्ने उहाँले बताउनुभयो। प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलप्रसाद कार्कीले वैदेशिक रोजगार बोर्डलगायत संरचनाका बारेमा नीतिमा स्पष्ट व्याख्या हुनुपर्नेमा जोड दिनुभयो।

---

*मेघ गर्जन,...*

मध्यम वर्षाको सम्भावना रहेको छ।

हाल नेपालको प्रदेश नं १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका भू-भागमा आंशिकदेखि सामान्य बदली र बाँकी भूभागमा मौसम सामान्यतया सफा भई प्रदेश नं १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन चटचाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।


रातिको समयमा देशको अधिकाश भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं एक, मधेस प्रदेश र बागमती प्रदेशका केही स्थानमा र गण्डकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार सोमबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम २० दशमलव ६ डिग्री र अधिकतम तापक्रम २८ दशमलव तीन डिग्री सेल्सियस रहेको छ। त्यस्तै सोमबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५ दशमलव पाँच डिग्री र सबैभन्दा धेरै धनगढीको ३९ अधिकतम तापक्रम दशमलव ९ डिग्री सेल्सियस छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734**


## विश्व समाचार

### पाकिस्तानका पूर्व प्रधानमन्त्रीद्धारा वर्तमान प्रधानमन्त्रीलाई चुनौती

इस्लामावाद, ३० जेठ (रासस/एएनआई)।

पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानले वर्तमान प्रधानमन्त्री शेहबाज शरिफलाई आगामी निर्वाचन जितेर देखाउन चुनौती दिनु भएको छ।

अल्पमतमा परेपछि पुरा कार्यकाल जिम्मेबारी लिन नपाई प्रधानमन्त्री पदबाट वाहिरिनु भएका खानले आफैलाई विस्थापित गर्नु भएका वर्तमान प्रधानमन्त्री सरिफलाई चुनौती दिनु भएको हो। पाकिस्तान तेहरिक ए इन्साफ (पिटीआइ) का अध्यक्ष समेत रहनु भएका खानले आगामी निर्वाचनमा पनि आफ्नो पार्टीले नै बहुमत ल्याउने दाबी गर्नुभयो।

अहिले भइरहेको गठवन्धन सरकारमा सहभागी दलहरुले आगामी निर्वाचन जित्नु असंभव रहेको उहाँको भनाई छ। आगामी निर्वाचनपछिको नतिजामा गठवन्धनका दलहरु र आफ्नो पार्टीका बीचमा ठूलो अन्तर हुने पनि पूर्व प्रधानमन्त्री खानले दाबी गर्नुभयो।

उहाँले वर्तमान सरकारको समेत चर्को आलोचना गर्दै आगामी निर्वाचनमा सरकारमा सहभागी सबै दललाई हराउन आम नागरिकलाई अनुरोध पनि गर्नुभयो। सरकारका गलत क्रियाकलापका बारेमा आफ्नो पार्टीले सर्वोच्च अदालतबाट कानुनी उपचार खोज्ने उहाँले जानकारी दिनुभयो।

आफुले कोरोना भाइरसको महामारी फैलिएको बेलामा पनि धेरै काम गरेको दाबी गर्दै उहाँले अहिलेको सरकारले भने जनताको पक्षमा केही काम गर्न नसकेको आरोप लगाउनुभयो।

### भारतमा आठ हजार ८४ नयाँ संक्रमित

नयाँदिल्ली, जेठ ३० (रासस/एएनआई)।

भारतमा आइतबार मध्यराति अर्थात २४ घण्टाको समयावधीमा आठ हजार ८४ कोरोना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ।

आइतबारका दिनमा दिल्लीमा ७३५ महाराष्ट्रमा २ हजार ९४६ कर्नाटकमा ४६३ र केरलामा १ हजार ९५५ कोरोना सङ्क्रमित भएका छन्। एकै दिनमा नयाँ कोरोनाभाइरस सङ्क्रमणको सङ्ख्या बढ्दै गएपछि भारतमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या ४ करोड ३२ लाख ३० हजार १०१ पुगेको छ भने दैनिक सङ्क्रमित दर तीन प्रतिशत भन्दा बढी रहेको छ।

हाल भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या ४७ हजार ९९५ रहेका छन्। यो कूल सङ्क्रमितको ०.११ प्रतिशत भएको जनाइएको छ। आइतबार मध्यरातिसम्म अर्थात् २४ घण्टाको समयावधीमा चार हजार ५९२ लाई कोरोना निको भएपछि कोरोनाबाट मुक्त भएकाका कुल सङ्ख्या चार करोड २६ लाख ५७ हजार ३३५ जना पुगेको छ। अहिले कोरोना भाइरस मुक्ति दर ९८.६८ प्रतिशत रहेको छ।

सो अवधीमा कोरोनाबाट १० जनाको मृत्यु भएपछि महामारीको कारण भारतमाा पाँच लाख २४ हजार ७७१ पुगेका छन्। भारतमा कोरोना शुरुभएदेखि हालसम्म कुल ८५ करोड ५० लाखभन्दा बढी व्यक्तिको परीक्षण भएको छ। भारतमा सन् २०२१ जनवरीबाट राष्ट्रव्यापी खोप अभियान शुरु गरिएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९५ करोड १९ लाखभन्दा बढी डोज खोप लगाइएको छ।

### सिकागोमा मात्रै गोली प्रहार गरी हप्तान्तमा पाँचको मृत्यु, १६ घाइते

सिकागो, ३० जेठ (रासस/एएनआई)।

अमेरिकामा पछिल्लो समय लगातार एकपछि अर्को गोली प्रहारको घटना भएका छन्। ती मध्ये सिकागोमा मात्रै पछिल्लो हप्तान्तमा भएका घटनामा परी कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने अरु १६ जना घाइते भएका छन्।

अमेरिकाभरी सुरक्षाका नाममा व्यक्ति व्यक्तिलाई बन्दुक राख्न अनुमति दिने की नदिने बहस चलिरहेका बेला घटना पनि बढी रहेका छन्।

पछिल्लो समय गोली प्रहारका घटनामा परी धेरैको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन्। पछिल्लो पटक शनिबार दिउसो १२.१९ बजे साउथ अल्वानीमा भएको घटनामा परी ३७ बर्षिय एक महिलाको हत्या भएको छ।

यात्रा गरिरहेकी ती महिलालाई अपरिचित व्यक्तिले विना कारण गोली प्रहार गरेर हत्या गरेको प्रहरीले जनाएको छ। प्रहरी अधिकारीहरुले घटनाका बारेमा अनुसन्धन भइरहेको जनाएका छन्।

यही हप्तान्तमा सिकागोकै अन्य ठाउँहरुमा पनि गोली प्रहारका अन्य घटनाहरु समेत भएको प्रहरी कार्यालयले जनाएको छ।

# माओवादी केन्द्रद्वारा ३० बुँदे ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले महादेवा गाउँपालिका अध्यक्षलाई सोमबार ३० बुँदे ज्ञापनपत्र बुझाएको छ ।

आ.व.०७९/८० को गाउँसभामा योजना तर्जुमा प्रस्तुत हुने वार्षिक कार्यक्रममा परम्परागत अवधारणालाई निरन्तरता विगतमा दिदै आएकोमा यस पल्टको गाउँसभामा योजना तर्जुमा किसान, दलित, युवा, महिलालगायतका समुदायको विकास, प्रगतितर्फ वर्गीय आधारमा अगाडी वढाउन उक्त ३० बुँदे ज्ञापन पत्र बुझाएको हो ।

माओवादी केन्द्र अध्यक्षका प्रत्याशी दिपेन्द्र माझी, सुरेन्द्र यादव, राधेश्याम यादव, भागवत साह, प्रवेश यादव, फुलोदेवी सदा, उमेश यादवलगायतले गापा अध्यक्ष सुनिल कुमार मण्डललाई सो ज्ञापन पत्र बुझाएका हुन् ।

यता गापा अध्यक्ष मण्डलले ज्ञापनपत्रमा उल्लेख भएका कतिपय योजनाहरु घोषणा पत्रमा समेत रहेको र बाँकी योजना योजना तर्जुमा समावेश गर्ने प्रतिबद्वता ब्यक्त गरे।

# विपद् व्यवस्थापनको पूर्वतयारी तथा प्रतिकार्यमा गम्भीर भएर लाग्न निर्देशन

काठमाडौँ, ३० जेठ (रासस) ।

गृहमन्त्री एवं विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष बालकृष्ण खाणले मनसुनजन्य विपद्का घटनाबाट जनधनको क्षति न्यून गर्न पूर्वतयारी तथा प्रतिकार्यमा गम्भीर भएर लाग्न विषयगत निकाय एवं सुरक्षा अधिकारीहरुलाई निर्देशन दिनुभएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको सोमबार बसेको १३औँ बैठकमा मन्त्री खाणले यो वर्षका लागि भएका तयारी, जनशक्तिको अवस्था एवं साधनस्रोतको विवरणसहितको विस्तृत कार्ययोजना सोमबारै लिखितरुपमा मन्त्रालयमा पेश गर्न पनि निर्देशन दिनुभयो ।

बैठकमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ लगायतका एजेण्डामा विस्तृत छलफल भएको छ । बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले प्रतिकार्यमा जिम्मेवार निकायको आपत्कालीन सम्पर्क नम्बर सर्वसाधरणसम्म पुग्नेगरी सञ्चार गर्न सुझाव दिनुभयो ।

सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले एकीकृत विकासमा विपद् सम्बन्धी विषयवस्तुलाई समावेश गरिनुपर्ने धारणा राख्नुभयो । मुख्यसचिव शङ्करदास बैरागीले उद्धार र राहतमा तलदेखि माथिसम्मका निकायबीच समन्वय तथा रणनीतिक स्थानमा पर्याप्तमात्रामा उपकरणको व्यवस्था गर्न आवश्यक रहेकामा जोड दिनुभयो ।

बैठकमा विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी एवं नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधिले विपद पूर्वतयारीको अवस्था तथा प्रतिकार्यको योजनाबारे जानकारी गराउनुभएको थियो ।

# एक सय ४० दिनपछि त्रिवि सञ्चालनमा

काठमाडौँ, ३० जेठ (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) को पदाधिकारी कार्यालय १४० दिनपछि सोमबारदेखि सञ्चालनमा आएको छ । त्रिविका उपकुलपति, रजिष्ट्रार र शिक्षाध्यक्षाको कार्यकक्षमा लगाइएको ताला आइतबारदेखि पूर्ण रुपमा खुलाएपछि सञ्चालनमा आएको हो ।

त्रिविका रजिष्ट्रार प्रा डा पेशल दाहालले सोमबारदेखि नियमित कार्यालय सुरु भएको बताउनुभयो । "ताला पूर्ण रुपमा हिजोदेखि खुलेपछि हामी हिजो पनि आएको थियौँ", उहाँले भन्नुभयो, "अबदेखि हामी नियमित कार्यालयमा आउँछौँ ।"

तालाबन्दीका कारण त्रिविका पदाधिकरी कार्यालय आएर काम गर्न सकेका थिइनन् । उहाँले झण्डै पाँच महिनादेखि रोकिएका कामलाई सोमबारदेखि नै अगाडि बढाइने बताउनुभयो । नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले यही जेठ २७ गते र गत शुक्रबार आङ्शिक शिक्षकहरुले जेठ २९ गते ताला खोलेका थिए । प्रतिनिधिसभाको बैठकमा पनि लामो समयदेखि लगाइएको ताला सांसदले खुलाउन माग गरेका थिए ।

यस्तै अनेरास्ववियुले यही जेठ २५ गते विज्ञप्ति निकाल्दै तीन दिनभित्र त्रिविमा लगाइएको ताला खोल्न आग्रह गरेको थियो । त्रिविका उपकुलपति, रजिष्ट्रार र शिक्षाध्यक्षाको कार्यकक्षमा नेविसङ्घले गत माघ ७ गतेदेखि र आङ्शिक शिक्षकहरुले माघ २० गतेदेखि तालाबन्दी गरेका छन् ।

# थप १५ जना संक्रमित

काठमाडौँ, ३० जेठ (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप १५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार २११ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ८६ जनाले पिसीआर र एक हजार १२५ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा १३ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६७ हजार २१७ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल सक्रिय संक्रमितको सङ्ख्या १०२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेशनमा १०२ संक्रमित रहेका छन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*